# राजदेवी नगरपालिका
# Rajdevi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

राजदेवी, रौतहट
Rajdevi, Rautahat

मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

पत्र संख्या :०७९/०८०
चलानी नं. : १५२३
प्राप्त प.सं/च.नं.

मिति: २०७९/१२/१३

**विषय - विद्यालय व्यवस्थापन समिति बारे ।**

श्री सामुदायिक विद्यालय सबै,
राजदेवी नगरपालिका ।

प्रस्तुत विषयमा राजदेवी नगरपालिकाको मिति २०७९/१२/१२ गत्ते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय उतार तपसिल बमोजीम छ । विद्यालय व्यवस्थापन समिति गठन नभएका विद्यालयहरुले अविलम्ब विद्यालय व्यवस्थापन समिति गठन गर्नुहुन जानकारी गराईन्छ । विद्यालय व्यवस्थापन समिति गठन नहुन्जेल सम्मका लागि सम्बन्धित विद्यालय रहेको वडाको वडा समितिले विद्यालय व्यवस्थापन समितिको तदर्थ समितिको रुपमा कामकाज गर्ने गरी आवश्यक व्यवस्थापन तथा कारवाही गर्नुहुन जानकारी गराईन्छ ।

तपसिल
निर्णय उतार

यस राजदेवी नगरपालिकाको मिति २०७९/१०/२१ मा बसेको नगर सभाको अधिवेशनको निर्णय "यस राजदेवी नगरपालिका अन्तर्गतका अधिकांश सामुदायिक विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त भईसकेको तथा यस नगरपालिकामा बसेको प्र.अ. बैठकबाट माघ मसान्त भित्र विद्यालय व्यवस्थापन समिति गठन गर्ने भनी निर्णय भएतापनि हालसम्म सम्पूर्ण विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन नभईसकेकाले सो कार्यका लागि एक महिना म्याद थप गर्ने तथा फाल्गुन मसान्त भित्रमा विद्यालय व्यवस्थापन समिति गठन नभएका विद्यालयहरुमा फाल्गुन मसान्त पश्चात कुनै किसिमको निकाशा उपलब्ध नगराउने साथै सम्बन्धित विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिको कार्य गर्ने गरी यस नगर कार्यपालिकाबाट निर्णय गरी समिति व्यवस्थापन गर्नका लागि यस नगरपालिकाको शिक्षा शाखा, लेखा शाखा तथा प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने भनी नगर कार्यपालिकाबाट भई आएको निर्णय अनुमोदन गर्ने" भनी निर्णय भए वमोजीम यस नगरपालिका भित्र विद्यालय व्यवस्थापन समिति गठन नभएका विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन नहुन्जेल सम्मका लागि सम्बन्धित वडा समितिलाई ती वडामा रहेको/रहेका विद्यालय/विद्यालयहरुको तदर्थ समितिको रुपमा कामकाज गर्ने गरी व्यवस्थापन गर्न गराउनका लागि यस नगरपालिकाको शिक्षा शाखा, वडा कार्यालयहरु, तथा सामुदायिक विद्यालयहरुलाई निर्देशन दिने ।

**बोधार्थ**

श्री वडा कार्यालय सबै - उपरोक्तानुसारको व्यवस्था कार्यान्वयन हुन तथा वि.व्य.स गठनका लागि सहजीकरण गर्नुहुन ।

श्री सूचना प्रविधि अधिकृतज्यू - पत्र वेवसाईटमा उपलोड गरिदिनुहुन ।

प्रणव कायस्थ
प्रमुख प्रशासकीय अधिकृत